# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७९/०८०
च.न. :

कोठा भाडा सम्वन्धि शिलवन्दी दरभाउपत्र आव्हानको सुचना
दोस्रो पटक प्रकाशित मिती २०७९।१०।२५ गते

यस धनगढी उप-महानगरपालीकाको स्वामीत्वमा पशिचम तर्फ रहेको सपिङ कम्पलेक्स भवनमा रहेका भुईतला र माथिल्लो तलामा रहेका कमश.. **कोठा न.५** को शिलवन्दी दरभाउपत्रको माध्यमवाट वढावढ प्रकिया द्धारा भाडामा दिने निर्णय भएको हुदा ईच्छुक व्यक्ति (नेपाली नागरीक) संघ संस्थाहरुवाट देहायको शर्त भित्रको अधिनमा रही ७ (सात) दिन भित्र शिलवन्दी दरखास्त दिने गरी सम्वन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशित गरीएको छ ।

शर्तहरु:

१. दरभाउपत्र फाराम दस्तुर रु.१०००।- (एक हजार मात्र) तिरी फाराम लिन सकिने छ र सो रकम फिर्ता हुने छैन ।
२. घरको प्रति कोठाको न्युनतम मासिक भाडा रकम रु. दरभाउपत्र खरीद गर्दा फाराममा उल्लेख भए वमोजिम हुनेछ
३. दरभाउपत्र फाराम यस उप-महानगरपालीकाको राजश्व शाखावाट दोस्रो पटक सुचना प्रकाशित मिती वाट ७ दिन भित्र कार्यालय समयमा खरीद गर्न सकिने छ ।
४. दरभाउपत्र खरीद गर्नु पर्ने अन्तिम मिती २०७९।११।०२ गते कार्यालय समय भित्र खरीद गरी सक्नु पर्नेछ । र सो दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको लगत्तै सो सम्वन्धि काम हुनेछ ।
५. दरभाउपत्र दर्ता गर्नु पर्ने अन्तिम मिती २०७९।११।०३ गते दिउसो १२.०० वजे भित्र रहनेछ र सो दरभाउपत्र सोही दिनको दिउसो २.०० खोलीने भएको हुदा दरभाउपत्र दाता वा निजले तोकेको व्यक्ति उपस्थित हुन पर्नेछ । साथै उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन र उक्त दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको लगत्तै सो सम्वन्धी काम हुनेछ ।
६.कुनै पनि व्यक्ति वा संस्थाको दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
७.दरभाउपत्र साथ जमानत वापत यस ध.उ.म.न.पा.कार्यालयको रा.वा.वैंक धनगढीमा रहेको धरौटी खाता न.४१७०१००३०३००००२ मा नगदै वा दुई वर्षको हुन आउने जम्मा रकमको ५ प्रतिशत रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिती वाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकार वाट मान्यता प्राप्त वाणिज्य वैक वाट धनगढी उप-महानगरपालीकाको नाममा जारी गरीएको वैकं जमानत पेश गर्नु पर्नेछ
८. दरभाउपत्र साथ घरभाडा लिन ईच्छुक व्यक्तिको हकमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी र संघ संस्थाको हकमा दर्ता प्रमाणपत्र,नविकरण पत्र,कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
९.वहालमा लिने व्यक्ति वा संस्थाले कोठा भाडाको सम्झौता गर्दा आफुले कवोल गरेको रकमको ६ महिना वरावरको हुन आउने रकम धरौटी वापत राख्नु पर्नेछ ।
१०.कोठा भाडाको प्रथम पटकका लागी वढीमा दुई वर्षका लागी सम्झौता गरीनेछ र तत पश्चात आवश्यक सहमती अनुसार गर्न सकिनेछ ।
११.हाल कायम रहेका कोठा भित्रको संरचना निर्माण तथा मर्मत सम्भार सम्वन्धित भाडामा वस्ने फर्म / व्यक्तिले नै गर्नु पर्नेछ । र कोठा न.५ मा विद्युत मिटर वक्स रहेको र सो कोठाको निर्माण तथा मर्मत सम्भार पनि सम्वन्धित स्वयं व्यक्ति वा फर्मले नै गर्नु पर्नेछ ।
१२.अन्य कुनै थप जानकारी लिन चाहेमा यस कार्यालयको राजश्व शाखावाट कार्यालय समय भित्र वुझ्न सकिने छ ।
१३. कोठा भाडा लिन चाहने ईच्छुक व्यक्ति / फर्म / संघ संस्थाले कारोवार संचालन गर्दा होटल,रेष्टुरेन्ट वार,डान्स वार,माछा मासु,अण्डा जन्य,स्वास्थ्य संस्था,टयुसन, कोचिङ सेन्टर,ध्वनी उत्पन्न हुने व्यवसाय र फोहर उत्पादन गर्ने कुनै पनि व्यवसाय संचालन गर्न पाईने छैन ।
१४. यस सूचनामा उल्लेख नभएका विषयहरु प्र्चलित कानून अनुसार हुनेछन ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत